It was the world 4108 A.D and technology had taken over the world in a way that was out of people's imagination. Everything was done by using computers. Officers were replaced by robots. Teachers were replaced by Artificial Intelligence. Not only that, people could now implant bio-tech in their bodies to learn anything. Even in this wonderful world, a man named Damien still felt incomplete. He was very interested in the past and used to hear tales about it from his grandma. He even used to research on the daily activities of people of the past. He often said things like, "Did you know Grandma, in the year 2018 A.D, people actually used to go to school and do all their work themselves. They even got to play outside with real friends. But all I have now are 1000 friends in online games, and I don't even know a single one of them. I wish we could live like people of the past. That seems more interesting." So Damien here was unhappy with the kind of world they lived in.

He was a technician and loved to make different devices. He didn't want to use any help from the robots and wanted to craft everything by himself. After 6 years of struggle, he finally finished a time machine. It was the first time anyone had ever done such a thing. So, he immediately went to find his Grandma and told her the good news. She was also very happy about it and congratulated him and said, "Now you can go back in time and see the world you dream of in real."

Damien gave it a little thought and spoke, "I know everything about the 21st century. I want to go to the year I know absolutely nothing about it. First I will travel 50 million years ago and I will see what that world has for me to see." So, he sat on his time machine. Left all the technologies from the 40th century and set the time to 50 million years back and started the machine. It was an amazing view as the time machine started and just vanished.
After 5 minutes, Damien found himself in the world similar to his. He thought the time machine failed and was very sad about it. Just when he was about to go for a walk around, he found a very amusing tool lying on the ground. It was a very highly advanced piece of tech and he wondered "This is not from my world. If there was a device like this, I would know about it. Could I really have traveled through time and got to the future instead of the past?"

So there were some unanswered questions. As he was walking by, he saw a girl. He stopped her and asked, "Do you know where I am?" She laughed and replied, "What do you mean, where you are. You're on land." Damien felt quite weird to hear that answer and asked, "I'm sorry. I mean which country I'm in." She again answered with a puzzled look, "What is a country? What are you talking about? It isn't safe out here at this time. So follow me here and we will talk about it more."

After they got inside what it seemed to be an abandoned factory she asked, "What did you mean by country?" Damien said, "You know the part of land divided by a boundary inside which people of a similar culture live." She didn't say anything for a bit, but eventually, she said "What are you talking about? We don't have divided land for some people only. It's just land and water." Just then it struck him that he had once read somewhere that in the ancient time the world itself was a huge island." He said, "Oh-oh, I have really traveled 50 million years in the past."

The girl all puzzled said, "What are you talking about?" Damien came back to his senses and said, "This may sound a little bit weird but I'm from the future and I'm lost here." Now she froze for a moment. After a long pause, he finally asked, "By the way, who are you?" She, in a very small voice, said, "My name is Sakshya. Sakshya Snow.

I'm still processing what you said earlier." He said, "I'm Damien. Damien West. I know it's overwhelming for you to hear this and take your time." As she was staring in the floor, Damien asked, "How is this place not safe, to be honest, I'm a little scared", She replied, "We're in the middle of a warzone. It started as just a minor conflict between two very powerful people and if it doesn't end soon, we should see the greatest battle in the history of the earth and all humanity will be doomed to the same fate at the same time. That fate is Death. With an arsenal of powerful weapons, hate, and stubbornness, that day is not that far." As she was saying these things, Damien thought,
"This world has developed in technologies that aren't even there in my time. I also read that technologies were only starting to develop in the 19th century. But how can this be? There's only one explanation for this. What she is predicting will actually come true and all the people from this world will be wiped." He thought about telling her that but couldn't. He had only met her an hour ago and couldn't say that she was going to die soon. So he kept that inside him.

After talking about each other's time for a while, Sakshya said, "Since you're new here, why don't you stay at my place for a while. I don't have any family and neither have I got any friends. It would be nice to have some company." Damien agreed to this and they both went to her house. It wasn't much of a house. It was a small one-roomed house with a bed, a couch, a small kitchen and a table and refrigerator which was in really bad shape. Sakshya said, "It's not much but it's a home for me" Damien followed with, "It's nice." To this Sakshya just giggled and said, "That was funny. Anyway, you can sleep on the couch and if you're hungry there might be food in the fridge.

That day passed by and from the next morning, they became more and more close to each other. They used to eat together, play together and do many fun activities. Since Damien's time machine was broken, it needed maintenance. So he had about a month before he could travel to his time. From that day, they became the best of friends and enjoyed each other's company a lot. She often said, "I shouldn't say this but I'm glad that you're stuck here with me." Damien just used to smile at this. As much as he wanted to go back home, he was actually loving life there with Sakshya. Soon, he was in love with her but he didn't tell her about his feelings as he would disappear from that time period in about a week.

All the necessary parts of the time machine were repaired in about 3 days, he would go back to his time. There were 2 things he wanted her to know before he left. First thing was, the world might end because of the war and she might die soon. But he couldn't say that because he knew she will hate him because of that. The next thing was, he loved her. But he couldn't say that either because he would hate himself for leaving her alone. So he remained quiet.

On the day, Damien was about to go back to the future, Sakshya came to bid him goodbye. She cried a little and said, "Can't you stay?" He smiled, hiding his tears, having said goodbye to his love and he further said, "I don't belong in the world. The future may be jeopardized if I say. So sorry I have to go. After saying this he set the time period to 4108 A.D and started the machine. A light flashed and Damien along with the machine disappeared again.

Sakshya turned back with tears in her eyes and a wish in her mind to see Damien again. As she was crying she felt a hand on her shoulder. As she turned back she saw Damien. She hugged him tightly and with tears in her eyes, she said, "Why did you come back?" Damien smiled and said, "I went back in my time but regretted leaving you here. In my time there, I found out that the only person I loved, my Grandma was gone. Even before I came here, I thought my life was incomplete but now I know, you make my life complete. I love you Sakshya." She *still crying with joy said, "I love you too and don't you ever leave me again." After their brief intimate encounter, she finally asked, "What about the future?" Damien kissed her forehead and said, "Dearest Sakshya, it took me a while to realize it but I don't want a future without you."

While hugging her, Damien thought, "I told her the second thing that I wanted to tell her. Even if my assumption is correct and this world does end soon, I want to spend all the time we have with her." AND THE REST IS HISTORY.

(This article has also been published on deerwalk.edu.np/DSS-Plus2/)





सिद्धार्थ मल्ल
क्रमाङ्क : २०२९०३८

**गाई**

गाई हाम्रो राष्ट्रिय जनावर हो । गाई घरपालुवा जनावर हो । हामी तिहारमा गाईको पूजा गर्छौं । हामी गाईलाई लक्ष्मीको रूपमा मान्छौं । गाईका चारओटा खुट्टा हुन्छन् । गाईका दुई दुईवटा आँखा, कान र सिङ हुन्छन् । गाईको एउटा पुच्छर र एउटा मुख हुन्छ । गाई घाँस, पराल र कुँडो खान्छ । गाईले हामीलाई दुध दिन्छ । गाईको दुध ज्यादै पोसिलो हुन्छ ।

**बडा दसैं**

दसैं नेपालको सबैभन्दा लामो र महत्त्वपूर्ण चाड हो । शक्तिकी प्रतीक देवी दुर्गा भवानीको यस चाडमा पूजा गरिन्छ । दसैंको पहिलो दिन घटस्थापना हो । यस दिन मानिसहरूले मकै, जौ, धान र गहुँको बीउ छर्छन् । दश दिनसम्म दसैंमा पूजा गरिन्छ । सातौं दिन फूलपाति मनाइन्छ यसलाई सप्तमी पनि भनिन्छ । आठौं दिन महाअष्टमी हो । महानवमी दशैंको नवौं दिन हो । दसैंको दशौं दिनलाई विजयादशमी भनिन्छ । विजयादशमी दसैंको महत्वपूर्ण दिन हो । त्यस दिन ठुलाबडाले आफूभन्दा सानालाई टीका जमरा लगाएर आशिष दिनुहुन्छ । यो चाड भेटघाट र रमाइलोको पर्व हो ।



शुभी लामिछाने
क्रमाङ्क : २०२८०३७



आहान मण्डल
क्रमाङ्क : २०२९००२

**मेरो देश नेपाल**

मेरो देशको नाम नेपाल हो । मेरो देश अति नै सुन्दर छ । मेरो देशको राजधानी काठमाडौं हो । मेरो देशको राष्ट्रिय जनावर गाई हो । राष्ट्रिय पन्छी डाँफे हो । राष्ट्रिय फूल लालीगुराँस हो । मेरो देश नेपालमा विश्वकै अग्लो हिमाल सगरमाथा छ । मेरो देश नेपालमा  माता सीता र भगवान बुद्धको जन्म भएको थियो । नेपाल प्राकृतिक सुन्दरताले भरिएको देश हो । यहाँ थुप्रै नदीनाला हिमाल पहाडहरु छन् । नेपालका प्रमुख नदीहरू कोसी, नारायणी, कर्णाली, महाकाली र त्रिशुली हुन् । मेरो देश निकै सुन्दर छ । म मेरो देशलाई माया गर्छु ।

**नेपाल कृषिप्रधान देश**

हाम्रो देश नेपालमा धेरै मानिसहरू खेती गर्छन् । नेपालका मुख्य बालीहरू धान, मकै, कोदो, गहुँ, फाफर आदि हुन् । किसानहरूले नगदेबालीहरू अदुवा, अलैंची र फलफूलहरूको पनि खेती गर्छन् । नेपालको तराईमा खेतीयोग्य जमिन धेरै छ । पहाडमा फलफूल खेती धेरै हुन्छ । नेपाल कृषि उत्पादनमा आत्मनिर्भर थियो तर अहिले आएर विदेशबाट धेरै खाद्यान्न आयात गरिरहेका छौं । त्यसैले हामीले कृषि उत्पादन बढाउनुपर्छ ।



दिब्रानी थापा
क्रमाङ्क : २०२९०१३

## विवेचना डङ्गोल
क्रमाङ्क : २०२९०११



**भक्तपुर सहर**

भक्तपुर राम्रो र ऐतिहासिक सहर हो। मलाई भक्तपुर सहर एकदमै मनपर्छ। भक्तपुर नेपालको सबैभन्दा सानो जिल्ला हो। यहाँ राम्रा राम्रा मन्दिर स्मारक र दरबारहरू छन्। भक्तपुर पुरानो नेवारी बस्ती हो। भक्तपुर माटाको भाँडा, थान्का र जुजु धौका लागि प्रसिद्ध छ। यहाँ हिन्दु बौद्ध आदि धर्म मान्ने मानिसहरू बस्छन्। भक्तपुर सहरमा हेर्न लायक धेरै ठाउँहरू छन्। दरबार स्क्वायर, दत्तात्रय, न्यातपोल, चाँगुनारायण, सिद्धपोखरी, इन्द्रायणी मन्दिर आदि यहाँका प्रमुख ठाउँहरू हुन्। भक्तपुर को पुरानो नाम भादगाउँ पनि हो। यहाँ विभिन्न चाडपर्वहरू पनि मनाइन्छन्। भक्तपुर सहर रमाइलो र घुम्न लायक सहर हो।

## सुभया श्रेष्ठ
क्रमाङ्क : २०२८०२९



**बुबाआमा बराबरी**

बुबाआमा हाम्रा सबै कुरा हुनुहुन्छ। आमा नहुँदा बुबाले ध्यान राख्नुहुन्छ। बुबा नहुँदा आमाले ध्यान राख्नुहुन्छ। संसारमा सबैभन्दा माया गर्ने बाबा र आमा नै हुन्नुहुन्छ। हामीलाई यताउता घुमाउने, विभिन्न किसिमका गीत सुनाएर खुसी बनाउने, हामीलाई चाहिने सामान किन्दिने, गृहकार्य सिकाउने बाबा र आमा नै हुन्नुहुन्छ। आमाले हामीलाई जन्माउनुभयो, हुर्काउनुभयो, नाना लगाइदिनुभयो, माम खुवाइदिनुभयो त्यसैले आमा धर्ती हुन्। बुबाले हरेक दुःख सहेर हामीलाई पालनपोषण गर्नुभयो। बुबाले हाम्रो आवश्यकता पुरा गरिदिनुभयो। त्यसैले बुबा आकाशसमान हुनुहुन्छ।



## अनुश्री आचार्य
क्रमाङ्क : २०२७००३

**मोतीराम भट्ट**

मोतीराम भट्ट एक प्रसिद्ध नेपाली कवि हुन्। उनले आदिकवि भानुभक्तको रामायण छापेर भानुभक्तलाई चिनाए। उनी एक गजलकार पनि हुन्। उनले श्रृङ्गार रसमा गजलहरू लेखेका हुन्। उनी वि. सं. १९२३ सालमा काठमाडौँको भोसीको टोलमा जन्मेका हुन्। उनी ५ वर्षकै उमेरमा शिक्षा आर्जनका लागि काशी गएका थिए। उनी नेपालका लागि प्रथम मानवतावादी कवि, पत्रकार, गजलकार पनि हुन्। उनका कृतिहरूमा पिकदूत पहिलो कृति हो। उनले भानुभक्त आचार्य लगायत अरू लेखकका कृति पनि प्रकाशित गराए। मोतीराम भट्ट नेपाली साहित्यका एक युग हुन्। उनको मृत्यु वि.सं. १९२३ मा भएको हो। उनी मरेर गए पनि नेपाली साहित्यको आकाशमा अमर तारा बनेका छन्।



## प्रसिद्धी डङ्गोल
क्रमाङ्क : २०२७०१७



**संवाद**
**पारिजातको फूल**

(शनिबारको दिन प्रसिद्धी आफ्ना बुबाआमासँग घुम्न जाँदै छे। बाटोमा उसले पारिजातको फूल देख्छे। उसलाई त्यस फूलको बारेमा जान्न मन लाग्छ। त्यसपछि उनीहरूको बीचमा कुराकानी हुन्छ।)


**प्रसिद्धी :** ममी यो सेतो रङको कुन फूल हो ?
**आमा :** नानी यो त पारिजात भन्ने फूल हो नि यो त हाम्रो घरको छतमा पनि रोपिएको छ।
**प्रसिद्धी :** हो र ?
**बाबा :** हो नि छोरी। मलाई त सबै फूलहरूमा पारिजात नै मनपर्छ। माफ गरिदेऊ ल यस फूलको बारेमा मैले तिमीलाई केही भनेकै थिइनँ।
**आमा :** आफ्नो घर वरपर लगाएका बोटबिरुवाको बारेमा जानकारी दिँदा आफ्ना सन्तानहरूले धेरै कुरा सिक्छन्। यो कुरा नभनेर हामीले गल्ती पो गरेछौँ।
**प्रसिद्धी :** यस्तो राम्रो फूलको बारेमा तपाईहरूले मलाई मात्रै भन्नुभएको भए पनि हुन्थ्यो नि।
**आमा :** अब यस कुरामा विवाद नगरौँ बरू हामीले तिमीलाई यस फूलको बारेमा अब धेरै कुरा सिकाउछौँ। हुन्न र ?
**प्रसिद्धी :** हवस् मामू।
**बाबा :** ल अब सुरू गरौँ न त पारिजातको बारेमा भन्न।
**प्रसिद्धी :** भन्नुहोस् बाबा म यसको बारेमा जान्न उत्सुक छु।
**आमा :** पारिजात एक सुन्दर फूल हो। यो फूल विभिन्न पूजाआजामा भगवानलाई चराउने काम गरिन्छ। यो फूल रातिमा मात्र फुल्छ।
**बाबा :** हेर छोरी यो फूललाई हामी ओखतीको रूपमा प्रयोग गर्न सक्छौँ अनि यो फूल स्वर्गबाट ल्याइएको भन्ने भनाइ छ। यो फूल टिप्नुहुँदैन। टिपेमा पाप लाग्छ भन्ने भनाइ पनि छ।
**प्रसिद्धी :** आहा! कति उपयोगी रहेछ है यो फूल ?
**आमाबाबा :** (एकैसाथ) सुन्दर पनि उस्तै छ नि छोरी।
**प्रसिद्धी :** यस्तो राम्रो फूलको बारेमा बताइदिनुभएकोमा म बाबाआमालाई धन्यवाद दिन चाहन्छु।
(सबै जना आफ्नो बाटो लाग्छन्



## प्रतीक डङ्गोल
क्रमाङ्क : २०२६०१३

**मेरो जीवनको लक्ष्य**

मेरो जीवनको लक्ष्य अनमोल छ। सबैका आफ्नै लक्ष्य हुन्छन्। मानिसहरू आफ्नो मन र दिमागले लक्ष्य बनाउछन्। लक्ष्य अरुले भनेर होइन आफूले नै सोचेर बनाउनुपर्छ। लक्ष्य पूरा गर्न हामीले निरन्तर मिहिनेत गर्नुपर्छ।
मेरो जीवनको लक्ष्य नेपाली सेनामा भर्ती हुने हो। मलाई मेरो देश प्यारो लाग्छ। म सेना बनी मेरो जन्मभूमिलाई रक्षा गर्न चाहन्छु। देशमात्र होइन एउटा सैनिकले प्रकृतिलाई पनि बचाउँछ। जनावरहरूलाई मार्न रोक्छ। आफ्नो परिवारभन्दा टाढा जान्छ, देशको सुरक्षाको लागि मिहिनेत गर्छ तर केही मान्छेहरूले उनीहरूको सेवालाई गम्भीर भएर सोच्दैनन्। मान्छेहरू पैसाको लागि काम गर्छन् तर मलाई देशको लागि काम गर्न मन छ। त्यसैले मेरो जीवनको लक्ष्य भनेको राष्ट्रसेवा गर्नु हो। मलाई मेरो देश प्यारो छ। जय देश ! जय ! जय ! नेपाल !



संयम पोखरेल

क्रमाङ्क : २०२६०१८

**किताब**

किताब बाहिरबाट हेर्दा पाना नै पानाले भरिएको बिटो जस्तो देखिन्छ। किताबलाई हामीले जता पनि लिएर जान सक्छौँ। किताब एउटा विषयको मात्र हुँदैन। किताब धेरै विषयका हुन्छन्। किताब विषयअनुसार फरकफरक हुन्छन्। मानिसका उमेर र तह मिलाएर किताब बनाइएको हुन्छ। किताब विज्ञान, गणित, सामाजिक, अङ्गजी आदि फरक फरक विषयका हुन्छन्। किताब विशेष गरी ज्ञान आ( र्जनका लागि महत्त्वपूर्ण हुन्छ। साथै मनोरञ्जनका लागि पनि पुस्तक पढ्ने गरिन्छ। कुनै किताबहरू प्रश्नले भरिएका हुन्छन् भने कुनै किताबहरू ज्ञानले भरिएका हुन्छन्। साना कक्षाका लागि साना र सजिला पुस्तक हुन्छन् भने त्यसका तुलनामा ठुला कक्षाका लागि जटिल पुस्तक हुन्छन्। किताब ज्ञानको खानी हो। किताब पढ्नु हामी विद्यार्थीहरूको कर्तव्य हो।

सुनबी पोखेल

क्रमाङ्क : २०२४०२४



**करेसाबारी**

एक प्रकारको बारी जुन घरको वरिपरि अथवा नजिकै बनाइन्छ र त्यहाँ फलफूल र तरकारी लगायतका विभिन्न अन्नहरू रोपिन्छन्, त्यस ठाउँलाई करेसाबारी भनिन्छ। करेसाबारीलाई अङ्ग्रेजीमा किचेन गार्डेन पनि भनिन्छ। करेसाबारीमा हामीले रासायनिक मल पनि हाल्दैनौं। मेरो घरमा पनि एउटा करेसाबारी छ।
मेरो हजुरबुबा त्यहाँ काम गर्नुहुन्छ र त्यहाँका बोटबिरुवाको हेरचाह गर्नुहुन्छ। करेसाबारीबाट हुने फाइदाहरू धेरै छन्। ती हुन् :

१. ताजा र स्वस्थ खानेकुरा प्राप्त हुन्छ जसका कारण हामी स्वस्थ हुन सक्छौं।
२. बाहिरबाट वा पसलबाट खानेकुरा किन्नुपर्दैन त्यसैले पैसा पनि बचत हुन्छ। सोही पैसा अरू कामको लागि प्रयोग गर्न सकिन्छ।
३. करेसाबारीमा काम गरिरह्यो भने शरीरलाई कसरत पुग्छ र हाम्रो शरीर सन्तुलित र स्वस्थकर हुन्छ।
४. बढी भएका तरकारी र फलफूल बेचेर आयआर्जन गर्न सकिन्छ।
५. ताजा वा स्वस्थ हावा प्राप्त हुन्छ।

करेसाबारीमा काम गर्दा धेरै लाभ हुन्छ। त्यसैले आफ्नो घर वरपर करेसाबारी बनाएर त्यहाँ काम गर्नुपर्छ।



निहारिका चापागाईं

क्रमाङ्क : २०२४००८

**एक छुट्टै समाज**

यो एक छुट्टै समाज हो। यहाँ परिकल्पना पनि कल्पनाभन्दा बाहिर छ। यहाँ छोरा र छोरी बीच भेदभाव हुन्छ। छोरीलाई छोरासँग तुलना गरिन्छ। जे गरेपनि छोरीलाई सानो देखाइन्छ। यो कुरा एक घरको मात्र नभएर कैयौँ घरहरूको हो। छोरी जन्मिने भनेपछि घरमा सबै निर ाश हुन्छन् र कतिपयले पेटमा हुर्किँदै गरेको बच्चाको हत्या गरिदिन्छन्। संसारलाई नियाल्न नपाउँदै आमाको गर्भाशयमा हुर्किँदै गरेको बच्चाको हत्या गर्ने मानिस कति निर्दयी होला भन्ने कल्पना पनि गर्न सकिँदैन। यस्ता घटनाहरू यो संसारका कैयौँ स्थानमा भएका छन्। यस्तो अराजक क्रियाकलापले गर्दा संसारमा कैयौँ निर्दोष चेलीहरू दिनानुदिन मरिरहेका छन्।

हामी भन्छौँ, हाम्रो समाज राम्रो छ तर हामी अन्जान मानिसलाई के थाहा कि हाम्रो मस्तिष्कमा अन्धविश्वासको बिरूवा रोपिरहेको छ। यो घर घर को कथा हो। छोरी जन्मियो भनेर एक सासूले बुहारीलाई घरबाट निकालेकी छन्। आफ्नै नातिनीलाई मारेकी छिन्। म बुझ्न सक्दिन कि आफू एक छोरी भएर अर्को छोरीलाई कसरी मार्न सक्छन् ? हाम्रो समाज यस्तै छ। जहिले पनि छोरीलाई होच्याइन्छ। म कहिले बलात्कारको घटना सुन्छु त कहिले सासू
बुहारीको घटना। कहिले बदलिन्छ यो समाज। यहाँ दया र माया केही छैन छोरीलाई घृणा बाहेक। घरमा छोरी जन्मिई भने आमा अवश्य खुसी हुन्छिन् तर परिवारका अन्य सदस्यहरू दुःखी हुँदै आमालाई नै दोष दिन्छन्। सासू आफैँ एक छोरी हुन् तैपनि उनीजस्तै छोरी जन्मिएकोमा आफ्नी बुहारीलाई कष्ट दिन्छिन्। हाम्रो समाजमा नराम्रा कार्य गर्ने व्यक्तिहरू धेरै भएका कारण कतिपय कार्य आफ्नो अस्तित्त्वको बारेमा नसोची कदम लिन्छन्। यसकारण ठुलो गल्ती हुन्छ र पछुताउनुपर्छ। वर्तमान समयमा पुरुषहरूभन्दा महिलाहरू हरेक स्थानमा अगाडि बढिरहेका छन् र प्रगति पनि निकै गरिरहेका छन्। यति हुँदा हुँदै पनि छोराहरूको तुलनामा छोरीलाई कमजोर सोच्नु हाम्रो समाजको गल्ती हो। हाम्रो समाज किन बुझ्दैन त्यही छोरी पछि आमा बन्छिन्, आमाबिना परिवारमात्रै हैन सम्पूर्ण संसार हुँदैन। त्यसैले छोरीको रक्षा गर।



जोया श्रेष्ठ

क्रमाङ्क : २०२४००६



**गाईजात्रा**

गाईजात्रा लिच्छिवी कालदेखि मनाइँदै आएको पर्व हो। गाईजात्रा विशेषतः काठमाडौँ उपत्यकाभित्र मनाइन्छ। गाईजात्राको प्रारम्भ गर्ने श्रेय लिच्छिवी कालीन राजा प्रताप मल्ललाई जान्छ। आफ्नी रानी पुत्रशोकमा परेर दिनभरी टोलाइरहने, बिरामी हुने समस्या आएपछि तत्कालीन राजा प्रताप मल्लले कान्तिपुरमा जति पनि घर छन् त्यस घरमा यदि मानिसको मृत्यु भएको छ भने घरको एक सदस्यले हरेक वर्ष गाईजात्राको दिन मृत्यु भएका मानिसको सम्झनामा गाई निकाल्नुपर्छ भनी उर्दी जारी गरेका थिए। त्यस दिनदेखि गाईजात्रा प्रचलनमा आएको हो। उक्त दिन राजा प्रताप मल्लले रानीलाई हाम्रो घरमा मात्रै पुत्रशोक परेको हैन हरेक परिवारमा कुनै न कुनै शोक परेको छ तर पनि उनीहरू शोकमा भएर पनि चिन्तित छैनन् भन्ने कुरा देखाउन सोही कार्य गरेका थिए। त्यसपछि हरेक वर्ष मृत्यु भएका मानिसको सम्झनामा यस जात्रा मनाइन्छ। विशेषतः नेवार समुदायले मनाउने यस जात्रा पहिले काठमाडौँ उपत्यकामा मात्रै सीमित थियो भने अहिले नेपालका पोखरा लगायत विभिन्न सहरहरूमा पनि भव्यताका साथ मनाइन्छ। यस्तै यो पर्व धुलिखेलमा पनि मनाइन्छ। धुलिखेलमा बसो बास गरेका नेवार समुदायले बडो रोचकका साथ यस पर्वलाई मनाउँछन्। त्यस दिनमा जुन परिवारमा मानिसको मृत्यु भएको हुन्छ त्यस परिवार बाट एउटा वा दुईवटा सिङ्गारिएका रथमा मृत्यु भएका मानिसको तस्विर राखेर नगर परिक्रमा गराइन्छ। त्यसपछि आफन्तहरूलाई भेला गराएर भोज खुवाउने चलन धुलिखल क्षेत्रमा रहेको छ। त्यसपछि धुलिखेलमा बसोबास गर्ने नेवार समुदायको वर्षमा कति जना मानिसको मृत्यु भएको छ भन्ने आँकलन निकालिन्छ। त्यसलाई आधार बनाएर मृत्यु भएका मानिसको प्रमाणपत्र बनाइन्छ।



स्मृति लामा

क्रमाङ्क : २०२४०२१

**चाडपर्व**

नेपाल सांस्कृतिक विविधताले भरिपूर्ण देश हो। नेपाल एउटा सानो देश भए तापनि यहाँ क्षेत्रअनुसार भिन्न भिन्न संस्कृति र त्यसका आधार मा भेषभूषा, रहनसहन, चाडपर्वहरू रहेका छन्। नेपालमा विभिन्न धर्मका मानिसरू बसोबास गर्छन्। नेपालमा हिन्दु, बौद्ध, मुस्लिम, इस्लाम धर्मका
मानिसहरूको बाहुल्यता रहेको छ। ती धर्मावलम्बीहरूका आ-आफ्ना चाडपर्वहरू रहेका छन्। विशेषतः हिन्दु धर्म मान्ने मानिसहरू अधिक भएका कारण चाडपर्वहरू पनि हिन्दु धर्मका नै बढी रहेका छन्। नेपालमा मनाइने मुख्य चाडपर्वहरू दसैं, तिहार, शिवरात्री, होली, तीज, कृष्णाष्टमी, जनै पूर्णिमा, बुद्ध जयन्ति, इद र क्रिसमस आदि रहेका छन्। हिन्दु धर्मावलम्बीहरूले विशेषतः दसैं, तिहार, जनै पूर्णिमा, तीज र शिवरात्रिजस्ता पर्वलाई महत्त्वपूर्णका साथ हेर्ने गर्दछन् भने बौद्ध धर्मावलम्बीहरूले बुद्ध पूर्णिमालाई विशेष मान्छन्। यस्तै इस्लामहरूले क्रिसमसलाई भव्यताका साथ मनाउँछन् भने मुस्लिमहरूले बकर इद पनि उत्तिकै रमाइलो गरेर मनाउँछन्।
नेपालमा हरेक समुदायमा मनाइने पर्व हो दसैं र तिहार। लामो चाडपर्वको रूपमा हेरिने भएकाले दसैं र तिहारमा अधिकांश विद्यालयहरूमा लामो बिदा दिने चलन छ। दसैंमा दुर्गा देवीको विशेष आराधना र पूजा हुन्छ। लगातार दश दिनसम्म विभिन्न देवीहरूको पूजा र आराधना गरी आश्विन शुक्ल दशमीका दिन ठूलाबडाका हातबाट फूलपाती र टीका ग्रहण गर्नुका साथै आशीर्वाद पनि लिने चलन रहेको छ। पारि वारिक भेटघाट, पिङ खेलेर लिइने आनन्दको अनुभव जस्ता विविध रमाइला कुराहरू यस पर्वमा हुन्छन्। दशैँजस्तै नेपालीहरूको तिहार पनि मुख्य चाड हो। पाँच दिनसम्म मनाइने यस चाडमा पहिलो दिन काग, दोस्रो दिन कुकुर, तेस्रो दिन गाई र धनकी देवी लक्ष्मीको र चतुर्थ दिन गोवर्धन र गोरुको पूजा गरिन्छ। विशेषतः नेपाली समुदायले तिहारको अन्तिम दिन अर्थात पञ्चम दिनलाई बढी महत्त्वका साथ हेर्ने गर्दछन्। यस दिन दिदीबहिनीले दाजुभाइलाई पूजा गर्नुका साथै निधारमा सप्तरङ्गी टिका लगाइदिन्छन्। यस पर्वमा देउसी र भैलो खेलेर सबैले रमाइलो गर्दछन्।
विशेषतः रङको पर्वको रूपमा होलीलाई लिइने गरिन्छ। नेपालको तराई भागमा बढी महत्त्वका साथ मनाइने यस पर्व नेपालमा मात्रै नभएर भारतमा पनि भव्यताका साथ मनाइन्छ। होलीमा एकले अर्कालाई रङ लगाइदिने, पानी छ्याप्ने जस्ता कुरा गर्नेबाहेक मिठा मिठा परिकार खाएर मनाइन्छ। शास्त्रअनुसार यस दिन होलीका देवीको दहन भएको हो भन्ने तथ्यलाई मान्दै यस पर्वलाई मानिसले होलिकाको पुत्ला दहन गरी मनाउने गर्छन्।
नेपालमा मनाइने पर्वहरूमध्ये मलाई मनपर्ने पर्व भनेको तिहार हो।



ओसिन सुबेदी
क्रमाङ्क : २०२३००६

**वातावरण प्रदूषण**

वातावरण प्रदूषण भनेको वातावरणलाई सामान्य रूपमा प्रतिकूल गर्नु हो। अहिलेको यो हाम्रो समयमा वातावरण प्रदूषण सबैभन्दा गम्भीर समस्या भइरहेको छ। अहिले प्राकृतिक वातावरणमा दूषित पदार्थहरूले हाम्रो वातावरणमा प्रतिकूल परिवर्तन ल्याएका छन्। हाम्रो पृथ्वीले रासायनिक पदार्थ र अप्राकृतिक पदार्थहरू लिन सक्दैन जसका कारण ती हाम्रो वातावरणमा थुप्रेर बस्छन्। बायोडिग्रेडेबल नभएको कारण त्यसलाई जे गरे पनि वातावरणबाट हटाउन सकिँदैन।

विश्वमा वातावरण प्रदूषणका कारण २०१५ मा लाखौँ मानिसको मृत्यु भएको थियो। कोइला र काठको खोजीमा वन फडानी अहिले पनि भइरहेको छ। अहिलेको औद्योगिक क्रान्तिको कारण हामी झन् दुविधामा परेका छौँ। घरको फोहोर पानी हामी केही नसोची नदीनालातिर लगेर जोडी दिन्छौँ जसका कारण ती नदीनाला नजिक नराम्रो गन्ध फैलन्छ र जसले गर्दा मानिस रोगको सिकार भएका हुन्छन्। सडक वा चोकहरूमा कुनै पनि सार्वजनिक शौचालय नभएका कारणले मानिसले नराम्रो बानी सिक्दै गए। आफ्ना घरमा पालिने कुकुर बिरालाजस्ता जनवरहरूलाई दिसापिसाब गराउन बाहिरै लिएर जान थाले। जसका कारण अहिले सफा बाटो देख्न मुस्किल पर्छ तर धेरै मानिसहरूलाई यसले फरक नै पारेन। हुनेखानेहरू गाडीमा हिड्ने गर्छन् तर बिचरा! मध्यम स्तरका मानिसहरूले त्यो फोहोर बाटोमा चलखेल गर्नु पर्ने तर वास्तवमा असर भनेको सबैलाई हुनेछ।

फोहोरको गाडी सिठी बजाउँदै आउछ। हामी कोही घरबाट नै तल फालिदिन्छौँ त कोही बाटोमा लगेर छोडिदिन्छौँ। पछि गाडीले लग्यो कि लगेको छैन केही मतलब छैन तर त्यहाँ फोहोरको गाडीले पनि बाटातिर नै फोहोर फलिदिएको हुन्छ।

हामी आफैँ बाटोतिर फोहोर लगेर फाल्छौँ। फोहोरको गाडी नआएको धेरै भएपछि तर कोही अरूले फालेको देख्यौँ भने मरी मेटी भएपनि कराउन थाल्छौँ। हामीले आफैँले सोच बदल्नुपर्छ अनिमात्र अरूको सोच बदल्न सक्नेछौँ। परिवर्तन भनेको आफैबाट सुरू गर्ने हो। केही गर्नु छ भने सरकारको बाटो हेरेर बस्नुभन्दा पनि आफैँले केही गर्नु उचित हुन्छ। बाटाको छेउतिर बारेर साना साना रुखहरू रोप्न सक्छौँ। फोहोरको व्यवस्था गर्न टोलटोलमा पैसा जम्मा गरेर डस्बिन किनेर सबैले फाल्न सक्ने ठाउँमा राख्न सक्छौँ।

बोल्नुभन्दा पनि हामीले काम गरेर देखाउनुपर्छ। अहिले नै हामीले काम गर्न सकेनौँ भने विकृति बढ्दै जान्छ। त्यसैले सावधानी उपचारभन्दा राम्रो हुन्छ भने झैँ हामीले वातावरण प्रदूषणको निम्ति काम गर्नुपर्छ।



धीरज चापागाईं
क्रमाङ्क : २०२२००७

**बा**

सबैले आमालाई मात्र सम्झिँदा आमासगैं घरको मेरुदण्ड बनी हिँड्ने बुबालाई बिर्सँदा बुबाको मन चसक्क हुन्छ होला। सानो छँदा बुबा कामको सिलसिलामा काठमाडौँ आउँदा मलाई पनि सँगै लैजानुहुन्थ्यो। छोराले पनि संसार देखोस् भनेर सहर घुमाउनुहुन्थ्यो। म बुबाको पाइलामाथि पाइला खप्ट्याएर हिँड्दा मेरो दृष्टि उहाँको चोर औँलामा पर्थ्यो। उहाँले नयाँ नयाँ कपडाहरु देखाउँदै किनिदिम् भनी बोल्दा मन खुसीले आनन्दित हुन्थ्यो।
बुबालाई लाग्दो होला उनले एकान्तमा बगाएका ती आँसु कसैले देख्दैन होला। लाग्छ होला, उनका ती हातका ठेलाहरू कसैले देख्दैन होला, लाग्छ उनको सङ्घर्षको आँधी बढाउने धोको र सन्तानको पिरले थिचिएर खुइलिएको तालु कसैले देख्दैन होला।
घरको पिरले थिचिएको ढाड र कार्यालयको चिन्ताले थिचिएको टाउको कसैले देख्दैन होला भन्ने लाग्छ तर अन्तर मनमा उनका सन्तानलाई सब थाहा हुन्छ। सिर्फ ती भगवान हुन् देखाउन मात्र सक्दैनन्। धेरै जसो आमाको मात्र गुन गाइन्छ तर संसारमा आमाको साथ र छायाँ तथा जिम्मेवारी बहन गरी हिडिरहने बुबाको बारेमा हो यो लेख।
मैले मागेका सबै कुराहरू ल्याएर दिने बा। मलाई जीवनमा एक असल मान्छे बनाउने बा, मलाई जीवनको हरेक पाटामा सत्मार्ग देखाउने बा, मलाई मेरा ती बाल्यकालका चोटबाट अघि बढ्न सिकाउने बा, मेरै लागि भनी दिनरात खट्ने ती बालाई ठूलो सम्मान।



**जीवन**



सामिप्य डङ्गोल
क्रमाङ्क : २०२१०१६

जीवन भन्ने शब्द नै अनौठो छ। जीवनमा धेरै उतारचढावहरू आइरहन्छन्। हामीले जीवनको लामो यात्रामा धेरै कुराहरू सिक्छौँ। त्यसपछि ठिक बेठिक राम्रो नराम्रो छुट्याउन सक्छौँ। जीवनको लामो अन्तरालमा निकै कठिनाइहरू पनि आउन सक्छन्। जीवनमा अनेकौं बाधाहरूको सामना गरी अगाडि बढ्नुपर्छ तर हार भने कहिल्यै मान्नुहुँदैन। त्यसैले जीवन सुखदुखको सम्मिश्रण हो।

जीवनमा सफलता पाउनको लागि तीनवटा चिज कमाउनुपर्छ। ती हुन् : नाम इज्जत र दाम। यी तीन चिजमा हामी सबैका जीवनयात्रा अडिएका छन्। जीवनयात्रालाई अगाडि बढाउन त्यति सजिलो छैन। यो यात्रा अगाडि बढाउनको लागि निरन्तर साधना र धैयको आवश्यकता पर्छ। कयौं मानिसहरू हार खाएर आत्महत्या गर्न पुग्छन्।
समस्यादेखि भाग्नु भनेको ठूलो कायरपन हो तर कोही भने जस्तोसुकै समस्या आए पनि हार मान्दैनन् निडर तथा निर्भीक खालका यस्ता मानिसहरू आफ्नो कर्मलाई निरन्तरता दिन्छन्। त्यस्ता मानिसहरू गल्ती नै काम गरे पनि सुधार गरेर अगाडि बढ्छन् र अन्त्यमा सफल हुन्छन्। गल्ती त्यसबाट हुन्छ जसले मेहनत गर्छ। एक्काइसौँ शताब्दीमा मानिसहरू बिग्रिँदै गएका छन्। सबै काम मेसिनबाट गरिने हुँदा मानिसहरू दिनानुदिन कमजोर र अशक्त हुँदै गएका छन्। यसको मूल कारण नै आधुनिक युगमा विकसित सुख र प्रविधि हो। आधुनिक युगमा सबै मानिसले मोजमस्ती र सुखभोग गर्न चाहन्छन्। दुखकष्ट भन्ने कुरा त सुन्न पनि चाहँदैनन्। त्यसैले अहिले रोगहरू धैरै र उपचार कम भएका छन्। पहिले रोग कम र उपचार पनि कमै थियो। किनभने पहिले मानिसहरू शारीरिक श्रम गर्थे र खानपान पनि स्वस्थ थियो तर आज विज्ञान र प्रविधिको चरम विकासले र खानामा देखिएको रासायनिक मल र विषादीका कारण मानिसहरू अशक्त र रोगी बन्दै गएका छन्। आजका बच्चाहरूको मुख्य समस्या भनेको मोबाइल, कम्प्युटर र ल्यापटप नै हो। उनीहरू यिनै चिजमा रमाउँछन्। आज सबै उमेरका मानिसहरू प्रविधिकै पछि दौडिरहेका छन् र प्रविधिको गलत प्रयोग गर्दै छन्। यी कुरामा ध्यान गएपछि हाम्रो होस नै हुँदन। यसमै सबैजना रमाउन थाल्छन्। यो जीवनको केवल क्षणिक खुसी हो भन्ने कुरा मानिसले बिर्सेका छन्। तसर्थ जीवनलाई राम्रो बनाउन आजको युगमा नभई नहुने प्राविधिक सामानको दुरुपयोग होइन सदुपयोग गर्नुपर्छ। कर्ममा विश्वास गर्नुपर्छ। नयाँ सोचका साथ अगाडि बढ्नुपर्छ। तन र मन दुबैलाई स्वस्थ राख्नुपर्छ र सफलताको शिखरमा अगाडि बढ्नुपर्छ। जीवन भनेको एक झुल्को हो। जसमा समय बितेको पत्तै हुँदैन। बितेको समयलाई हामीले फिर्ता ल्याउन सक्दैनौँ। त्यसैले जीवनलाई परिश्रमले सजाउनुपर्छ। जीवनलाई मजाकको रूपमा लिएमा जीवन होइन वन जस्तै अनकन्टार बन्न पुग्छ।

**को ठुलो**

"छोड् मेरो पुच्छर। मेरो पुच्छर पिङ हैन" हात्ती कराउन थाल्यो। बाँदरले भन्यो, "साथी, तर तिम्रो पुच्छर कुनै पिङभन्दा कम छैन है।" "यस्तो नचाहिने कुरा नगर है। मेरो पुच्छर तान्न छोड। मलाई दुखिरहेको छ।" बाँदरले ठट्यौली पारामा फेरि भन्यो, "अघिसम्म त खुबै आफूलाई मभन्दा ठुलो भन्दै थियौ हैन ? अनि तिमीजस्तो ठुलो जन्तुले यसरी भिख मागेको कहाँ सुहाउँछ र ? तिमी ठूला छौ मभन्दा चाहिँ होइन। यदि तिमी मभन्दा ठुला हुन्थ्यौ भने मेरो हातमा तिम्रो पुच्छर होइन, तिम्रो हातमा चाहिँ मेरो पुच्छर हुन्थ्यो। साना छौ भनेर माफ गर्दैछु तर याद राख्नु यो मेरो अन्तिम चेतावनी हो", बाँदरले हात्तीको पुच्छर छाड्नेबित्तिकै हात्तीले बाँदरमाथि आक्रमण गर्‍यो र दुई बिचमा को ठुलो भन्ने विषयमा झगडा भइरह्यो।
त्यही बाटो हिँडिरहेको कुकुरले उनीहरूको झगडा देख्यो। उसले झगडाको कारण बुझ्यो र झगडा सुल्झाउने कोसिस गर्‍यो तर हात्तीले कुकुर बाँदरको साथी भएको कारण उसले बाँदरको पक्षमा नै बोल्छ भनेर स्वीकृति जनाएन कुकुरले एउटा जुक्ति अपनायो उसले पल्लो जङ्गलबाट लाटोकोसेरोलाई बोलायो र झगडा छिनिदिन अनुरोध गर्‍यो हात्ती र बाँदर दुबैको लाटोकोसेरोसँग चिनजान नभएको कारण लाटोकोसेरोलाई मध्यस्थकर्ता बनाउँदा दुबैले आपत्ति जनाएनन्।



श्रीया सिटौला
क्रमाङ्क : २०२१०२०

लाटोकोसेरोले दुई बिचको समस्या जान्ने इच्छा गर्‍यो कुकुरले भन्न थाल्यो, "उनीहरु दुबैजना निकै मिलनसार र घनिष्ट मित्र थिए। दुबैको एक आपसमा मिलेर बस्ने र सँगै खानेकुरा खोज्ने गर्थे। साथ साथै उनीहरू जङ्गलका राजाहरूसँग सारै निकट थिए। एक दिन राजाले उनीहरूमध्ये एकलाई मन्त्री बनाउने निर्णय गरे। राजालाई उनीहरू दुईमध्ये एक मन्त्री चयन गर्न निकै गाह्रो पर्‍यो त्यसकारण राजाले उनीहरूलाई नै एक आपसमा निर्णय गर्न आदेश दिए। दुबै जनालाई मन्त्री बन्ने ठुलो इच्छा थियो। मन्त्री बन्नका निम्ति उनीहरू सबै चिज त्याग्न तयार थिए। वर्षौं पुरानो मित्रता पनि। यसै क्रममा उनीहरूले आफू स्वयमलाई ठुलो दाबी गर्दै मन्त्रीको पदको लागि लडिरहेका थिए।" सबै कुरा सुनेबुझेपछि लाटोकोसेरोले दुबैलाई बाग्मती खोलापारिबाट नरिवल टिपेर ल्याउन लगायो। बाँदर आफू एक्लै खोला तर्न नसकेर हात्तीको पिठ्यूमा चढ्यो र दुबै खोला तरे। तिनीहरू नरिवल टिप्न नरिवलको रुख भएतिर लागे। नरिवलको रुख धेरै अग्लो थियो। हात्ती रुख चढ्न नसक्ने भएकोले उसले बाँदरलाई नरिवल टिपेर ल्याउन अह्रायो। बाँदरले नरिवल टिपेर त ल्यायो तर नरिवल बोक्न उसलाई अप्ठ्यारो भयो। त्यसैले हात्तीले मुखमा च्यापेर नरिवल ल्याइसकेपछि लाटोकोसेरोले हात्ती र बाँदरलाई नरिवल कसरी ल्यायौ ? भनी सोध्यो। तिनीहरूले आफूहरू दुबै मिलेर ल्याएको कुरा बताए। त्यसपछि लाटोकोसेरोले समान कार्य गरेकाले तिमीहरू दुबै आ-आफ्नो ठाउँमा ठुला हौ भनी झगडा छिनिदियो।
झगडा समाप्त भएकाले बाँदर र हात्ती निकै खुसी भए। मन्त्री बन्ने लोभ नै उनीहरूको झगडाको कारक भएको कारण उनीहरूले यस लोभलाई त्याग्ने निर्णय गरे र राजालाई उनीहरूको झगडाको वृतान्त सुनाए। आफूहरूमध्ये एक जनालाई मन्त्री चयन गर्न नसक्ने भएकाले कोही पनि मन्त्री नबन्ने कुरा राजालाई बताए। उनीहरूले थपे, "राजासाहेब हामी दुई जना सङ्ख्यामा दुई भएतापनि हरेक काम हामीले एक भएर गरेका छौँ मन्त्री बन्ने लोभमा हाम्रो एकतालाई हामीले कसरी तोडनू ? हामी एक थियौँ र सधैँ एक भएर बस्नेछौँ। राजाले उनीहरूको विवशता बुझेर दुबैलाई मन्त्री बनाउने निश्चय गरे र भने, "जसरी दुईजना मिलेर नरिवल टिपेर ल्यायौँ, त्यसरी नै हरेक काम मिलेर गर्नु र अरूलाई आफूभन्दा कमजोर कहिल्यै नठान्नु। हामी सबै फरक छौँ र सबै आफैँमा मौलिक छौँ। सबै आ-आफ्ना ठाँउमा ठुला छौँ।" उनीहरूले पनि राजाको कुरामा सहमति जनाएर फेरि पहिलेजस्तै मिली जङ्गलमा बस्न थाले।

आशा दाहाल
क्रमाङ्क : २०२१००५



**दशमीको जात्रा**

(एउटा सानो गाउँमा दुईजना छिमेकी बस्छन् । उनीहरूको नाम बादल र पाताल हो । बादल कम खर्चालु छ भने पाताल अनावश्यक खर्च गर्छ । दसैं आउन लागेको छ, पाताल र उसका जँड्याहा साथीहरू जाँड खाँदै तास खेल्दै छन् सोही क्रममा साथीले भन्छ)

**जँड्याहा साथी:** ए पाताल ! दसैंको तयारी कस्तो भयो त ? मेरो त घरमा आमा हुँदै खेरिका चारओटा खसी छन्, तिनैलाई मजाले मार हानेर खानुपर्छ । बुढीलाई नि तीन तोला सुन घाँटीमा र पाँच तोलाको तिलहरी किनिदिएको छु ।
**पाताल:** हो त, दसैं आयो । खै के गर्ने घरमा बुढी कचकच गर्दै छे, नानीबाबुले लुगा चाहियो भनेर टाउको खान लागिसके । दसैं त आयो तर दसा नै भएर जान्छ होला ।
(जाँडले मातेको हालतमा पाताल घर पुग्छ र आफ्नी बुढीलाई भन्छ)
**पाताल:** दसैं त आयो त बुढी ।
**बुढी:** आयो त बुढा । मलाई त नयाँ साडी चाहिन्छ अनि घाँटीमा दुई तोलाको सुन भए हुन्छ ।
(त्यसैबेला नानीबाबु दौडेर आउँछन् र भन्छन्)
**नानीबाबु:** दसैं आयो, खाउँला पिउँला, कहाँ पाउँला ? चोरी ल्याउँला, धत् ! पापी, म त छुट्टै बसुँला । बा ! बा ! हामीलाई दसैंमा के किनिदिने ?
**छोरा:** मलाई त घडी, पाइन्ट र दुई जोडी सर्ट चाहिन्छ ।
**छोरी:** मलाई एउटा जामा, पाउजु र सुनको मुन्द्रा चाहिन्छ ।
**पाताल:** हुन्छ, हुन्छ । सबैको माग पूरा हुन्छ अनि खसी पनि चाहिन्छ नि ।
**बुढी:** बुढा ! खसी त दश धार्नीको ढाल्नुपर्छ नि ।
**पाताल:** ढाल्नु त पर्छ तर पैसा चाहिँ कहाँबाट ल्याउनु ? दक्षिणा पनि त चाहिन्छ नि । एक जनालाई ५० रुपैयाँले त पुग्छ होला र ?
**बुढी:** के रे ? के रे ? के भन्या होला, ५० रुपैयाँले के गर्ने ? कम्तीमा ५०० त दिनुपर्छ । गाउँमा साहु भएको के काम ? लिएर आऊ न साहुकहा( ँबाट ।
**पाताल:** साहुको अगाडिकै पैसा दिएको छैन, अब पनि देला त ?
**बुढी:** किन दिँदैन र ? मागिहेर न तर पैसा नलिई चाहिँ घर नआउनु नि ।
(भोलिपल्ट बिहानै पाताल साहुकहाँ पुग्छ र भन्छ)
**पाताल:** ढोग गरें साहु बा ।
**साहु:** अँ अँ भन् किन आइस् ?
**पाताल:** हजुर ! दसैं पनि आयो । घरमा दसैं मनाउनुपर्छ भनेर नानीबाबुले दिक्क पारिराछन् । पैसा नभएर हजुरकहाँ आको हजुर !
**साहु:** के रे, पैसा छैन रे ? तैंले पहिलाको पनि पैसा दिएको छैनस् । तँलाई फेरि पैसा दिएर मुर्ख बन्नु छैन । पैसा चाहियो तँलाई फेरि ?
**पाताल:** हैन हजुर, त्यसो नभन्नुस् । म हजुरको पैसा बेलैमा तिर्छु हजुर !
**साहु:** ल ल भयो । म तँलाई पैसा चाहिँ दिन्छु तर तैंले दुई महिनाभित्र यो पैसा तिरिनस् भने म तेरो घरजग्गा लिलाम गर्छु ।
**पाताल:** हुन्छ हजुर, म बेलैमा तिर्छु ।
**साहु:** (आफ्नो नोकरलाई भन्छ) ए रामे ! जा त, मालिक्नीसँग भनेर यसका लागि पैसा लेर आ ।
**रामे:** हवस् हजुर !
रामे मालिक्नीसँग पैसा ल्याएर मालिकलाई दिन्छ ।
**साहु:** (पाताललाई पैसा दिँदै) ला, होस् गरेस् ।



**पाताल:** हवस् हजुर !
(पाताल घर जाँदै गरेको हुन्छ, बाटामा उसले बादललाई भेट्छ । बादल आलु लिएर आउँदै गरेको हुन्छ ।)
**पाताल:** अहो ! दाजु, कता ?
**बादल:** आलु लिएर आको नि । दसैं आयो नि त । अब पाहुना आउँछन् ।
**पाताल:** दाजु, दसैं पनि आलुमा ? यो पनि दसैं हो ? आलु रे, म त दसैंमा आलुको गन्ध पनि सुँघ्दिनँ । हा हा हा हा ".. ।
**बादल:** अँ, मेरो दसैं त आलु नै आलुमा हो । नानीबाबुलाई आधा किलो मासुले पुगिहाल्छ ।
**पाताल:** हवस् त, आलुवाला दसैं राम्रो होस् तपाईंको ।
(पाताल गीत गाउँदै घर जाँदै गर्दा उसले पँधेरामा पानी थाप्दै कुरा गरिरहेका आइमाईहरू र उसकी बुढीलाई देख्छ ।)
**बुढी:** ए बुढा ! पैसा हल्लाउँदै आछौ त, आहा !
**पाताल:** चुप लागेर घर हिँड्, बजार जानुपर्छ ।
(पाताल र उसकी बुढी गएपछि आइमाईहरू कुरा काट्छन् ।)
**आइमाई १ :** आम्मै ! हेर त त्यसको बुढाले त दसैंका लागि पैसा हल्लाउँदै आछ । अब त्यसकी बुढीले गाउँमा सबैलाई देखाउँदै हिँड्ने भई ।
**आइमाई २ :** आ हो, आफूलाई त अरूको कुरा काट्न आउँदैन, जाऔं घरतिर ।
(दसैंमा पातालले धेरै खर्च गर्छ । टीका थाप्न आउने सबैलाई पाँच पाँच सय रुपैयाँ दक्षिणा दिन्छ । त्यसपछि पातालको छोरा टीका थाप्न बादलकहाँ पुग्छ ।)
**पातालको छोरा:** ए काका ! काका ! कहाँ हो ? म त टीका थाप्न आको त ।
**बादल:** आ बाबु आ, भित्रै आ । ल बस् ।
(बादलले पातालको छोरालाई टीका लगाइदिन्छ र आशीर्वाद दिन्छ ।)
**बादल:** धेरै पढ्नू, ज्ञानी हुनू, देशको नाम राख्नू, है त ?
**पातालको छोरा:** हवस् । पैसा चाहिँ खै त ?
(बादलले २० रुपैयाँ दक्षिणा दिन्छ ।)
**पातालको छोरा:** धत् ! के हो ? जम्मा २० रुपैयाँ ? यति जाबो पैसा तपाईं आफैं राख्नुस् । गएँ म त । जाबो २० रुपैयाँले के आउँछ ?
**बादल:** हैन के भाको यो केटो ? २० रुपियाँले नि नभए कति दिनु त ? अब २००० दिन सकिँदैन क्यारे । मातेको केटो !
(पातालको छोरो फत्फताउँदै घर पुग्छ ।)
**पाताल:** हैन ए ! किन हल्ला गर्दै आको ? कस्ले के भन्यो ?
**पातालको छोरा:** हेर्नुस् न, बादल काकाले त मलाई टीका लगाएर जम्म २० रुपियाँ देका भन्या । मैले त फिर्ता गर्देर आको ।
**पातालकी बुढी:** आम्मै ! के देका त त्यो जाबो २० रुपियाँ ? फिर्ता गरेर ठिक गरिस् छोरा ।
(पातालको परिवारले दसैं धुमधामसँग मनाउँछ । दसैंको दुई महिनापछि साहु पातालको घर पुग्छ ।)
**साहु:** के हो माइला, पैसा तिर्ने भाका त अस्ति नै गयो त ? पैसा खाएपछि तिर्नपर्दैन ? म पैसा उठाउन तेरो घरमै आउनुपर्छ ? ए केटा ! यसको घर का सबै सामान फालेर ताला लगा त ।
**पाताल:** हैन हजुर, म तिर्छु । मलाई ५ दिनको भाका दिनुस् । म गरिबलाई दया गर्नुस् ।
**साहु:** हैन, कति दिने तँलाई भाका ? खाने बेलामा खाइस्, अहिले चाहिँ भाका चाहियो ?
**पातालको छोरा:** हजुर ! म हजुरको खुट्टा ढोग्छु ।
**साहु:** ल भो भो, पर्दैन खुट्टा ढोग्न । ल म ५ दिनको भाका दिन्छु । यदि ५ दिनभित्र तिर्न सकिनस् भने म पाँचौं दिनको साँझमा तिमीहरूलाई घरबाट निकालिदिन्छु ।
यो घटनापछि पातालले पैसा जम्मा गर्न सक्दैन । अलि अलि भएका सुन चाँदी पनि बेचेर रक्सी खान्छ र बुढीलाई कुट्छ । घर परिवारको बिचल्ली हुन्छ । पाँच दिनपछि साहु पातालको घरमा आउँछ ।
**साहु:** खै पैसा ? पैसा तिर्नपर्दैन ? ए रामे ! के हेरेर बसेको ? यसका सबै भाँडाकुँडा फालिदे बाहिर र घर खाली गर्नु ।
(रामेले सबै सामान फालेर घर खाली गर्छ । पातालको छोरो रुन थाल्छ । पाताल पुर्पुरामा हात राखेर बस्छ । पातालकी बुढी डाँको छोडेर रुन थाल्छे । त्यही बेला बादल आइपुग्छ ।)
**बादल:** के भो ? किन रुँदै छौ ?
**पातालको छोरा:** काका ! बाले साहुको भाकामा पैसा तिर्न नसकेकाले साहुले घर लिलाम गऱ्यो । हामी त अब सुकुम्बासी भयौं । अब हामी कहाँ जाने ?
**बादल:** ल हिँड मेरो घरमा । जबसम्म तिम्रा बाले ऋण तिरेर घर निखन्दैनन्, तबसम्म तिमीहरू मेरै घरमा बस्नू ।

(सबैजना निराश भएर बादलको घरतिर लाग्छन् ।)

# CHINESE



Prasiddhi Dangol
Roll no.:2027017

狗
我叫 Prashiddhi Dangol我有一只小狗，我的小狗很好看. 狗有很多不同的种类，有的大，有的小. 谢谢！

About me

我叫Tanishq Shakya,我是尼泊尔人. 我喜欢尼泊尔，我家在加德满都. 我爸爸叫Sabin Shakya. 我妈妈叫Vivechana Shakya. 我喜欢吃水果. 谢谢！



Tanishq Shakya
Roll no.: 2027020



Aashutosh Subedi
Roll no.: 2027002

My first Chinese class and myself

我的第一堂中文课很棒，我当选了中文课代表. 我的名字是Aashutosh Subedi， 我今年十岁，我想当科学家.

About myself

我叫 Aaradhya Prasai，我是尼泊尔人，我喜欢加德满都. 我今年四年级，我喜欢玩耍.
我爱我的爸爸和妈妈. 我的妈妈叫Nirv Prasai，我的爸爸叫Kul Prasai.
我喜欢游泳，我喜欢所有的一切.



Aaradhya Prasai
Roll no.: 2027001





Kushal Babu Shrestha
Roll no.: 2027010

关于我自已

我的名字是 Kushal Babu Shrestha，我是一名学生. 我在四年级学习，我今年九岁.
我最喜欢的科目是数学，
我生活在尼泊尔的加德满都.

About Myself

我的名字是Manshi Singh，我在五年级学习，我是个学生. 我喜欢吃面条和肉.
我是尼泊尔人，我最喜欢的科目是数学，我喜欢喝茶.
我最喜欢的运动是羽毛球. 我的爱好的跳舞. 我将来想成为一名工程师.
谢谢！



Manshi Singh
Roll no.: 2026012



Sarthak Pandey
Roll no.: 2026019

About myself

我叫Sarthak Pandey，我今年十一岁，我是一名学生，我今年五年级.
我是尼泊尔人，我家有三口人，爸爸、妈妈和我. 我喜欢喝汽水. 我想去中国看万里长城. 我喜欢打羽毛球也喜欢踢足球. 黄色是我最喜欢的颜色.

About myself

我叫Nirnaya Sah，我十一岁了，我是一名学生，我今年五年级. 我是尼泊尔人.
我家有四口人，爸爸、妈妈、姐姐和我. 我不喜欢吃海鲜.
我想去中国看万里长城. 我喜欢打乒乓球也喜欢妈妈叫我Niraray.
谢谢！



Nirnaya Sah
Roll no.: 2026013

## Manavi Regmi

Roll no.: 2026011



About myself

我叫Manavi Regmi，我九岁了，我是一名学生．我任在Sifal．我是尼泊尔人，我家有四口人：
爸爸、妈妈、妹妹和我．我喜欢喝汽水，我不喜欢喝水．
我们学校的名字是 Sifal Secondary School.



## Pratik Dongol

Roll no.: 2026014

吉他

吉他是我最喜欢的乐器，通常它有六个字符串．吉他起源于16世纪的西班牙．吉他分两种类型：一种是原声吉他；另一种是电吉他．它世界很多国家都非常流行．



## Suprabh Acharya

Roll no.: 2026022

足球

足球是一个团队运动的项目，在不同程度上涉及传球和进球．足球是我最喜欢的运动，它在世界上很多国家都非常的流行．

谢谢！